# नेपाल पेडियाट्रिक सोसाइटिको सब स्पेस्याल्टी च्याप्टर (अध्याय)

## सञ्चालन कार्यविधि-२०८०

(नेपाल पेडियाट्रिक सोसाइटी केन्द्रीय कार्य समितिबाट अनुमोदित मिति: २०८० श्रावण २७ गते)

नेपाल पेडियाट्रिक सोसाइटी (नेपास)-२०८०

**प्रस्तावना**

नेपालको बाल स्वास्थ्यका क्षेत्रमा कार्यरत आधुनिक चिकित्सा अध्ययन गरेका बालरोग विशेषज्ञहरू मिलि गैर नाफामुलक तथा कुनै राजनैतिक दल वा विचारसँग आबद्ध नभई पूर्ण रूपमा बाल बालिकाहरूको स्वास्थ्योपचार, समष्ठिगत वृद्धि विकास एवं स्वास्थ्य प्रवर्धन गर्नका लागी सामान्य बाल रोग उपचार सेवा बाहेक विशेषज्ञ उपचार सेवाको दायरालाई फराकिलो पार्दै विभिन्न अस्पताल तथा क्लिनिकहरूमा सब-स्पेस्यालिटी सेवाहरू विस्तार हुँदै गइरहेको वर्तमान परिप्रेक्ष्यमा नेपालका बाल-बालिकाहरूलाई आवश्यक उत्कृष्ट स्वास्थ्य सेवा प्रदान गर्न विशिष्टिकृत (सब-स्पेस्यालिटी) सेवा विस्तार गर्ने सम्बन्धित सरकारी तथा गैर सरकारी निकायहरूको प्रयास समेत विभिन्न कारणले प्रभावकारी नभएको अवस्थामा नेपाल पेडियाट्रिक सोसाइटीले नेपाल पेडियाट्रिक सोसाइटीको विधान, २०४३ (संशोधन सहित) परिच्छेद ७ को दफा ३० ले दिएको अधिकार प्रयोग गरि बाल रोग सम्बन्धी विशिष्टिकृत (सब-स्पेस्यालिटी) सेवा विस्तार गर्न यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधीको नाम "सब-स्पेस्यालिटी च्याप्टर (अध्याय) कार्यविधि, २०८०" रहेको छ ।

(ख) यो कार्यविधि नेपाल पेडियाट्रिक सोसाइटीको केन्द्रीय कार्य समितिले अनुमोदन गरेपछि तत्काल लागू हुनेछ।

२. **परिभाषा:**

(क) "विधान" भन्नाले नेपाल पेडियाट्रिक सोसाइटी (यसपछि छोटकरीमा 'नेपास' भनिनेछ) को विधान, २०४३ लाई सम्झनु पर्छ।

(ख) "सब-स्पेस्यालिटी" भन्नाले बाल रोग अन्तर्गत नेपाल मेडिकल काउन्सिलले तोकेको सब-स्पेस्यालिटी तथा अन्तराष्ट्रिय मान्यता प्राप्त बाल विशेषज्ञताहरुलाई जनाउने छ।

(ग) "अध्याय" भन्नाले कुनै पनि विषय विशेषज्ञ सदस्यहरू भेला हुने, विचार आदानप्रदान गर्ने, निरन्तर शैक्षिक क्रियाकलाप एवं विषयगत सामाजिक गतिविधिहरूमा संलग्न हुनका लागि तोकिएका समूह भन्ने बुझिन्छ ।

३. **अध्यायको उद्देश्य:**

बालरोग उपचार सम्बन्धी बिधा अन्तर्गतका, सम्बन्धित विशिष्टिकृत विशेषज्ञ जनशक्तिलाई एकत्रित रूपमा संगठित गराई सम्बन्धित विषयगत ज्ञान र सीपको समुचित प्रयोग सहित समग्र बाल स्वास्थ्यमा टेवा पुग्ने गरी विभिन्न शैक्षिक एवं सेवामुलक कार्यक्रमको संचालन गर्ने।

## परिच्छेद-२

४. **अध्यायहरु:**

(१) नेपासद्वारा गरिएको सर्वेक्षण नतिजाको आधारमा बालरोग सेवा अन्तर्गत देहायका विशिष्टिकृत अध्याय (सब-स्पेस्यालिटी च्याप्टर) हरू हुन सक्नेछन् :-

(क) Neonatology Chapter (नवजात शिशु विज्ञान अध्याय)

(ख) Paediatric Cardiology Chapter (बाल मुटु रोग सम्बन्धि अध्याय)

(ग) Paediatric Pulmonology Chapter (बाल फोक्सो रोग सम्बन्धि अध्याय)

(घ) Paediatric Neurology Chapter (बाल स्नायु रोग अध्याय)

(ङ) Paediatric Critical Care Chapter (बाल चिकित्सा सघन उपचार अध्याय)

(च) Neuro-Developmental Paediatrics Chapter (बाल मस्तिष्क तथा शारीरिक विकास अध्याय)

(छ) Paediatric Nephrology Chapter (बाल मृगौला रोग अध्याय)

(ज) Paediatric Haemato-Oncology Chapter (बाल रक्त तथा अर्बुध रोग अध्याय)

(झ) Paediatric Endocrinology Chapter (बाल इनडोक्राइनोलोजी अध्याय)

(ञ) Paediatric Gastro-enterology Chapter (बाल ग्यास्ट्रो-इन्टेरोलजी अध्याय)

(ट) Paediatric Nutrition Chapter (बाल पोषण सम्बन्धि अध्याय)

(ठ) Paediatric Vaccinology/Immunization Chapter (बाल रोग खोप/खोप विज्ञान अध्याय)

(ड) Growth Development and Behavioural Paediatrics Chapter (वृद्धि विकास र व्यवहार बाल चिकित्सा अध्याय)

(ढ) Community Paediatrics Chapter (सामुदायिक बाल चिकित्सा अध्याय)

(ण) Paediatric Rheumatology & Immunology Chapter (जोर्नी रोग र रोग प्रतिरक्षा अध्याय)

(त) Others as required (आवश्यकता अनुसार अन्य)

(२) भविष्यमा कुनै नयाँ विशिष्टिकृत अध्यायको आवश्यकता महसुस भएमा यसै कार्यविधिको परिच्छेद २ को दफा ५ बमोजिम गठित अध्याय संचालन समितिले नेपास केन्द्रिय कार्य समितिको परामर्शमा सो नयाँ अध्याय थप गर्न सक्नेछ।


५. **अध्यायको संचालन समिति:-**

(१) सम्पूर्ण अध्यायहरूको अध्याय संचालनका लागी देहाय बमोजिमको तीन सदस्यीय केन्द्रीय समिति रहनेछ –

| | |
|---|---|
| (क) नेपासको उपाध्यक्ष | -अध्यक्ष |
| (ख) नेपासको केन्द्रीय कार्य समितिले तोकेको वरिष्ठ सदस्य | -सदस्य |
| (ग) नेपासको केन्द्रीय कार्य समितिले तोकेको कार्यकारिणी सदस्य | -सदस्य |

(२) यो समितिले अध्यायहरुको सञ्चालनमा मद्धत गर्ने, नियमित अनुगमन तथा मुल्यांकन गर्ने र नेपास केन्द्रिय समिती तथा अध्यायको बीचमा समन्वय गर्नेछ।

६. **संरक्षक सम्बन्धि व्यवस्था:** नेपासका अध्यक्ष कुनै पनि अध्यायको पदेन संरक्षक रहनेछ र नेपास केन्द्रिय कार्य समितिले अध्यायको नैतिक जिम्मेवारी लिनेछ।



## परिच्छेद-३

७. अध्याय सञ्चालन गर्न विशेष परिस्थितीमा बाहेक कम्तिमा पनि दश (१०) साधारण सदस्यहरु मिलेर खोल्न सकिने छ। विशेष परिस्थिती भन्नाले दश भन्दा कम सदस्य संख्या भएको तर आवश्यकता महशुस भएमा नेपास केन्द्रीय कार्यसमिती बाट स्वीकृति पश्चात खोल्न सकिने भनी बुझ्नु पर्दछ।

८. **अध्याय संरचना (गठनात्मक स्वरूप):** अध्याय सञ्चालनार्थ सम्बन्धित अध्यायका सदस्यहरू मध्यबाट देहाय बमोजिम तिन (३) देखी पाँच (५) सदस्यीय कार्यकारिणी समिति गठन गरिनेछ :-

**(क) अध्याय अध्यक्ष (Chair)**

**(ख) अध्याय उपाध्यक्ष (Co-Chair)**

**(ग) अध्याय सदस्य सचिव (Member Secretary)**

(घ) अध्याय सदस्य (Member)

(ङ) अध्याय संयोजक (Chapter Coordinator): नेपास केन्द्रीयकार्य समितिबाट एक जना सदस्य

**नोट** : पहिलो पटकको लागि नेपास कार्यकारिणीद्वारा ज्येष्ठता तथा सम्बन्धित विषयमा उच्च शिक्षा हासिल गरेका आधारमा अध्यायका कार्यकारिणी सदस्यहरू मनोनीत गरिने छ भने भविष्यमा नेपासको प्रचलित विधान अनुसार अध्याय सदस्यहरुको सर्वसम्मति वा आवश्यक परेमा चुनावद्वारा समिती सदस्यहरु छान्न सकिनेछ। त्यसै गरी पहिलो पटकको लागि सम्बन्धित अध्यायको कार्यकारीणी समितीबाट अध्याय सन्चालन गर्न नेपासमा (अनुसूचि-१ अनुसार) निवेदन दिए पश्चात नेपास केन्द्रिय समितिबाट स्विकृति प्रदान गरिनेछ।

९. **अध्याय कार्यकारीणी समितीको काम, कर्तव्य तथा अधिकार**:- अध्यायको संचालन समितीको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ : -

(क) बाल रोग तथा बाल बालिकाको हक हितका लागि गरिने सब-स्पेस्यालिटी सम्बन्धी कुनै पनि शैक्षिक एवं पेशागत कार्य र अन्य नियमित गतिविधिहरूको संचालन गर्न सकिने तर सो को जानकारी अनिवार्य रूपमा नेपास केन्द्रीय कार्य समितिलाई दिनु पर्नेछ।

(ख) सोसाइटीको समन्वयमा आफ्नो सब-स्पेस्यालिटी च्याप्टर सम्बन्धी मुख-पत्र, समाचार-पत्र, शैक्षिक सामग्री (Guidelines, Protocols etc), वेब साइट आदीको प्रकाशन गर्ने तथा विभिन्न गोष्ठी ,कार्यशाला र तालिम जस्ता जनचेतनामुलक गतिबिधि संचालन गर्ने।

(ग) नेपास केन्द्रीय कार्य समितिको स्वीकृतिमा अध्याय संचालनको निम्ति नेपासको प्रचलित विधान अनुसार अनुदान, चन्दा वा दान ग्रहण गर्न सकिने।

(घ) नेपासको नाममा आएका विभिन्न सब-स्पेस्यालिटी च्याप्टर सम्बन्धी रिसर्चका अवसर, प्रोजेक्टको अवसर तथा पेशा सम्बन्धी अन्य कार्यक्रमहरू सञ्चालन गर्न समन्वय कर्ता / संयोजकको जिम्मेवारी बहन गर्ने।

(ङ) सम्बन्धित विषय विज्ञता अनुसारको अध्ययन, अन्वेषण तथा अनुसन्धानका अवसरहरू खोजी, त्यस्ता कार्यमा क्रियाशिल रहने।

(च) सम्बन्धित अध्याय तथा सोसाइटीबाट संचालित विभिन्न अनुसन्धानात्मक एबं रचनात्मक कार्यबाट पर्न गएका सकारात्मक एवं नकारात्मक प्रभावको वैज्ञानिक विश्लेषण गर्ने ।

(छ) नेपासबाट विभिन्न समयमा दिईने अन्य निर्देशनहरूको पालना गर्नु पर्ने ।

**१०. सदस्यता मापदण्ड सम्बन्धी:**

अध्यायको कार्यकारीणी समितिले अनुसूचि-२ बमोजिम आवश्यक न्यूनतम योग्यता पुरा भए/नभएको एकिन गरी नेपास केन्द्रीय कार्य समितिमा सिफारिस गरे पछि मात्रै बिधिवत रूपमा अध्यायको सदस्यता प्राप्त गर्न सकिने छ । अध्यायको सदस्यता प्राप्त गर्न आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम हुनेछन् :-

(क) नेपास को आजीवन सदस्य भएको हुनु पर्नेछ ।

(ख) नेपाल मेडिकल काउन्सिलमा विषय विशेषज्ञ (सब-स्पेस्यालिटी) को रूपमा दर्ता भएको हुनुपर्ने अथवा

(ग) सम्बन्धित विषयमा DM, MCh, Fellowship, Sub-speciality Training गरेको हुनुपर्ने ।

(घ) नेपासको आजीवन सदस्य भई सम्बन्धित विषय / विभागमा कम्तीमा पनि पाँच (५) वर्षको कार्य अनुभव भएको हुनुपर्ने ।

(ङ) अन्यत्र जे सुकै लेखिएको भए पनि नेपासको आजीवन सदस्यता प्राप्त कुनै चिकित्सकले यदी कुनै स्पेस्यालिटी प्रति विशेष रुची सहित सो को सदस्यता लिन चाहेको खण्डमा सम्बन्धित अध्यायको कार्यकारिणी समितिको सिफारिसमा निजलाई सो को सदस्यता प्रदान गर्न बाधा पर्ने छैन ।

(च) नेपासको आजीवन सदस्यता लिएको कुनै पनि चिकित्सकले माथि उल्लिखित योग्यताको आधारमा आफ्नो विज्ञता र रुची अनुसार बढीमा दुईवटा अध्यायको सदस्यता लिनसक्नेछ । तर निज चिकित्सक समिति पदाधिकारीको हकमा भने कुनै एक अध्यायको मात्र पदाधिकारी हुन पाउनेछ ।

(छ) सब-स्पेस्यालिटी सदस्यताको लागी आवेदन दिंदा माथि उल्लिखित योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने छ ।

**११. सदस्यता शुल्क सम्बन्धी:**

(क) नेपासका आजीवन सदस्यहरूका लागी प्रति व्यक्ती रु १०००।००

(ख) सदस्यता शुल्क नेपासको अधिकारिक खातामा जम्मा गर्नु पर्नेछ ।

(ग) उपरोक्तबाट उठेको रकम अध्याय सन्चालनार्थ सोही अध्यायलाई बीज रकम (Seed Money) को रूपमा प्रयोग गर्न दिइने छ ।

**१२. लेखा (Accounts) सम्बन्धी व्यवस्था:**

(क) नेपासको विधान २०४३ लाई संशोधन गरी बनाइएको संशोधित विधान २०७५ मा भएको परिच्छेद ५ को दफा २२ उपदफ १(ग) अनुसार, नेपासको आर्थिक कोष कार्यसमितीको अध्यक्ष वा महासचिव मध्ये एक र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट चल्ने बैंक खाताबाट व्यवस्था गर्ने भनी लेखिएकोले सबै अध्यायहरुको आम्दानी र खर्चलाई सम्बन्धित अध्यायको अध्यक्षको सिफारिसमा नेपास केन्द्रीय समितिले व्यवस्थापन गर्ने छ ।

(ख) नेपास केन्द्रिय समितीबाट अध्याय सन्चालन गर्ने स्वीकृति दिए पश्चात, शुरुमा अध्याय सन्चालन गर्न आवश्यकता अनुसार केही रकम उपलब्ध गराइनेछ, त्यस पछी भने अध्यायले आफ्नै आर्थिक स्रोत जम्मा गरी कार्य गर्नु पर्ने छ।

(ग) नेपास वा नेपास मार्फतको आर्थिक स्रोत बाहेक अन्य स्रोतबाट प्राप्त नगद, कुनै पनि अध्यायले आफ्नो जोखिममा आँफै राखेको सम्बन्धमा नेपास जिम्मेवार हुने छैन तर नेपासको खातामा अध्यायको नाममा जम्मा भई अध्याय कार्यकारिणीको सिफारिसमा गरेको खर्चको नेपास नै जिम्मेवार भई नियमानुसार लेखापरीक्षण गराउने दायित्व नेपासको हुनेछ।

(घ) कुनै पनि अध्यायले आफ्नो जोखिममा आफै राखेको रकमबाट भविष्यमा सम्बन्धित अध्याय वा व्यक्ती लाई पर्न सक्ने जुनसुकै परिणाम प्रति सम्बन्धित अध्याय वा व्यक्ती आफै जिम्मेवार हुनेछ।

(ङ) उपरोक्त कोषको सञ्चालन नेपाल सरकारको प्रचलित आर्थिक ऐन तथा नियमावली अनुसार हुने छ।

(च) कोष सञ्चालन सम्बन्धी अन्य कुनै दुबिधा वा अन्योल भएमा नेपास केन्द्रिय समितिका कोषाध्यक्ष तथा महासचिवलाई सम्पर्क गरी समस्या समाधान गरिने छ।

## परिच्छेद-४ (विविध)

१३. **सब-स्पेस्यालिटी च्याप्टर (अध्याय) प्रमाणिकरण (Certification) सम्बन्धी**: सम्बन्धित अध्याय नेपास अन्तर्गत दर्ता भए पश्चात नेपासद्वारा अध्याय सञ्चालनार्थ प्रमाणिकरणका लागी अनुसूचि ३ बमोजिमको ढाचाँमा प्रमाणपत्र उपलब्ध गराइनेछ।

१४. **तालिम, सेमिनार, वर्कशप आदी सन्चालन गर्ने सम्बन्धी:**

(क) प्रत्येक अध्यायले सो अध्यायबाट नेपासका अन्य सदस्यहरू वा बाल स्वास्थ्यका लागि कार्य गर्ने अन्य व्यक्तिहरूलाई दिन सक्ने सम्भावित तालिमहरू वार्षिक पात्रो (क्यालेनडर) तयार गरेको हुनु पर्दछ।

(ख) सो तालिमहरूको विस्तृत योजना च्याप्टर संयोजक (Coordinator) मार्फत नेपास केन्द्रीय कार्य समितिमा पेश गरी पास भएपछि मात्रै सन्चालन गर्न सकिने छ।

(ग) सब-स्पेस्यालिटी च्याप्टरले तालिम बाहेक अन्य सेमिनार वर्कशप आदी सन्चालन गर्न पाउने छन। यदि यस्ता कार्यक्रमहरू कुनै पनि संघ संस्था बाट प्रायोजन (Sponsor) गरिएको छ भने सोको जानकारी नेपास लाई दिनु पर्ने छ।

(घ) नेपास कार्यालयलाई सकेसम्म कम आर्थिक भार पार्ने सबैको उद्देश्य हुनु पर्नेछ।

१५. **लोगो सम्बन्धी व्यवस्था:**

(क) नेपासको लोगो अनुसूची-४ बमोजिम हुनेछ। आवश्यकतानुसार लोगोमा उल्लेख भएको अक्षरलाई अंग्रेजी भाषामा अनुवाद गरि बनाउन सकिनेछ।

(ख) कुनै पनि च्याप्टरले नेपासलाई जानकारी गराइ आयोजना गरेको कार्यक्रममा नेपासको प्रचलित लोगो प्रयोग गर्न पाउनेछन्। तर अन्य छुट्टै लोगो प्रयोग गर्नु परेको खण्डमा उचित कारण खुलाई नेपासमा निवेदन दिई नेपासको साधारण सभाबाट उक्त लोगो अनुमोदन भए पश्चात् मात्र प्रयोग गर्न सकिनेछ। उक्त लोगो साधारण

सभाबाट अनुमोदन नभएको अवस्था सम्म च्याप्टरले नेपासको लोगोको मुनी अर्ध चन्द्राकार हुने गरी आफ्नो नाम राखी प्रयोग गर्न सक्नेछन् ।

१६. **स्थायी कार्यविधी बनाउनु पर्ने सम्बन्धी ब्यवस्थाः** प्रत्येक अध्यायहरुले च्याप्टर संयोजक मार्फत नेपाससँगको समन्वयमा आवश्यकता अनुसार नेपासको प्रचलित विधानसँग नबाझिने गरि अध्यायको छुट्टै कार्यविधी बनाउन पर्नेछ । उक्त कार्यविधी नेपासको प्रचलित विधानसँग बाझिएको खण्डमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

१७. **वार्षिक पात्रो (क्यालेनडर) तयार गर्नु पर्ने सम्बन्धी ब्यवस्थाः** सम्बन्धित अध्यायहरुले आफ्नो कार्य सहजताको लागि वार्षिक क्यालेन्डरको तयार गरि नेपासबाट अनिवार्य रुपमा स्वीकृत गराउनु पर्नेछ । साथै, वार्षिक क्यालेन्डर बमोजिम कामकारबाही भए गरेको छ वा छैन भनी नेपासले जुनसुकै समयमा अनुगमन गर्न सक्नेछ । अनुगमनको क्रममा औँल्याइएका कुराहरूलाई सम्बन्धित अध्यायहरूले अनिवार्य सुधार गर्नु पर्नेछ ।

१८. **अनुशासन तथा आचार संहिता सम्बन्धी ब्यबस्थाः** अध्याय सदस्यहरुले चिकित्सकले निर्वाह गर्नुपर्ने अनुशासन तथा आचार संहिता सहित नेपासले निर्धारण गरेको नियमहरुको समेत अनिवार्य पालन गर्नुपर्नेछ । नेपासलाई आँच आउने कुनै पनि कार्य गरे गराएमा नेपासको प्रचलित विधान बमोजिम कारबाही गरिनेछ ।

**१९. अन्य**

(क) सब स्पेस्याल्टी च्याप्टर (अध्याय) हरूले नेपासको मूल वेब साइटसँग लिङ्क हुने गरी आवश्यकतानुसार आफ्नो छुट्टै वेबसाइट खोल्न सक्नेछन् ।

(ख) नेपाससँग सम्बन्धित कुनै पनि सब स्पेस्याल्टी च्याप्टर (अध्याय) द्वारा नेपासको विधमान विधानको सिमा बाहिर गएर खोलिएका अन्य संघ/संस्था वा समूहसँग कुनै किसिमको सहयोग, सम्झौता वा सहकार्य गर्न नेपास वाध्य हुने छैन ।

(ग) सब स्पेस्याल्टी च्याप्टर (अध्याय) सँग सम्बन्धित उपतोक्त बुंदाहरुमा कुनै पनि दुविधा भएमा वा नेपासको विधमान विधान सँग बझिएमा, यस नियमावलिमा जुन सुकै कुरा लेखिएको भएता पनी नेपाल पेडियाट्रिक सोसाइटीको विधान २०४३ लाई संशोधन गरी बनाइएको संशोधित विधान २०७५ अनुसार नै मान्य हुनेछ ।

***सन्दर्भ सामाग्रीः*** *नेपाल पेडियाट्रिक सोसाइटीको विधान २०४३ लाई संशोधन गरी बनाइएको संशोधित विधान २०७५ मा भएको परिच्छेद ७ को दफा ३० मा सब-स्पेस्यालिटी च्याप्टर गठन सम्बन्धी प्रावधान निम्नानुसार उल्लेख भएकोः "बाल रोग अन्तर्गत नेपाल मेडिकल काउन्सिलद्वारा मान्यता प्रदान गरिएको सब-स्पेस्यालिटी सम्बन्धी च्याप्टर आवश्यकता अनुसार केन्द्रले गठन गर्न सक्दछ । जस्को गठन र कार्यविधी केन्द्रिय कार्यसमितिले निर्धारण गरे बमोजिम हुनेछ । साधारण सभा र केन्द्रीय समितिले आवश्यकता अनुसार* ***विभिन्न उप समिती गठन गर्न सक्नेछ र तिनीहरुको काम, कर्तव्य र अधिकार कार्यविधि बनाइ तोक्न सक्नेछ****" ।*



# अनुसूचि-१

(दफा-८ को नोट सँग सम्बन्धित)

## NEPAL PAEDIATRIC SOCIETY (NEPAS)

## Application for Opening of Chapters

1. Name of Chapter:
2. Date of Application:
3. Synopsis about the Chapter:

…………………………………………………………………………………………………

…………………………………………………………………………………………………

…………………………………………………………………………………………………

4. Proposed Chairperson:

…………………………………………………………………………………………………..

5. Proposed Number of Members:
6. Associate Members (NON NEPAS Member, if any,)

| | |
|---|---|
| Submitted by | Verified by |
| (Chapter Member): | (Chairperson) |
| Signature: | Signature: |
| Name: | Name: |
| Mobile No. | Mobile No. |
| Address: | Address |

…………………………………………………………………………………

FOR OFFICE (NEPAS) USE ONLY: -

Application Accepted by (Office Assistant):

Application Reviewed by (Chairperson of Subspecialty Chapter):

Application Approved by (Gen Sec NEPAS):

ExCom Meeting (Date):

Final Approval by (Vice President NEPAS):

Certificate of Chapter Opening by (President NEPAS):

# अनुसूचि-२

(दफा-१० सँग सम्बन्धित)

## NEPAL PAEDIATRIC SOCIETY (NEPAS)
## Application for Chapter Membership

1. Name of Chapter:
2. Name of Applicant:
3. DOB:
4. Mobile No:
5. E-Mail:
6. Citizenship No:
7. NMC Number:
8. NEPAS Membership No:
9. Work Experience for the applied chapter:
10. Qualifications:

| SN | Degrees | Institution | Year | Remarks |
|---|---|---|---|---|
| 1. | MBBS | | | |
| 2. | MD | | | |
| 3. | DM/MCh | | | |
| 4. | Fellowship | | | |
| 5. | Training | | | |
| 6. | Others | | | |


11. Present Address (Home):
12. Present Address (Institution/Hospital/Clinic)

Submitted by:
(Chapter Member)
Signature:
Name:
Mobile No.
Address:

Verified by
(Chairperson)
Signature:
Name:
Mobile No.
Address

……………………………………………………………………………………………

FOR OFFICE (NEPAS) USE ONLY: -
Application Accepted by (Office Assistant):
Application Reviewed by (Chapter Chairperson):
Application Approve by (Gen Sec NEPAS):
Application Discussion NEPAS ExCom Meeting (Date):
Final Approval by (Vice President NEPAS):
Certified by (President NEPAS):



**अनुसूचि-३**

(दफा-१३ सँग सम्बन्धित)

**Cert Regd No; 01/NEPAS/SSC/023-25/………** **Date:**

# SUB-SPECIALTY CHAPTER CERTIFICATION

## CERTIFICATE OF RECOGNITION

This is to certify that

……………………………………………………………………………chapter has been given official recognition as one of the Sub-Specialty Chapters of Nepal Paediatric Society on the (date)……. of (month) ……. (year)………

The Chapter will be responsible for all activities related to its Sub-Specialty in accordance with the Directives and Guidance given by the Society.

**Sub-Committee Chair**
**Vice President of NEPAS**
**Dr. ………………………..**

**President**
**Nepal Paediatric Society**
**Dr. ………………………..**

**NEPAS-STAMP**

## अनुसूचि-४

(दफा-१५(क) सँग सम्बन्धित)

**नेपास लोगोको प्रयोग सम्बन्धी**

**सेतो पृष्ठभूमीमा रातो डिजाइन**